वडा नं. ७ र ८ | जे.भी. चितवन

# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

# आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०३/१५**

पाँचखाल नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ७ उपदफा ४ संग सम्बन्धित अनुसूची ६ (क) को अधीनमा रही यस नगरपालिका क्षेत्र भित्रको तिनपिप्ले-शेराबेशी, तामाघाट-बोहोरेदोभान, तामाघाट-शिखरपुर, समाजकल्याण-अनैकोट सडकहरुमा, पाँचखाल नगरपालिकाको आर्थिक ऐनमा तोकिएका दरमा सडक मर्मत सम्भार शुल्क संकलनको लागि ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी ठेक्का सम्बन्धी सर्तहरुको अधीनमा रही शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन। थप जानकारीको लागि website www.panchkhalmun.gov.np मा हेर्न वा पाँचखाल नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**आन्तरिक आय ठेक्का विवरण**

| आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | न्यूनतम अंक (रु.) (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रु.) | धरौटी/जमानत रकम रु. |
|---|---|---|---|---|
| PMIR/01/2078/079 | सडक मर्मत सम्भार शुल्क संकलन | २५,००,०००/- | २,०००/- | १,२५,०००/- |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. यस सम्बन्धी दरभाउपत्र फारम रु. २,०००।- (दुई हजार मात्र) (पछि फिर्ता नहुने) तिरी पाँचखाल नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ।

२. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. को खाता नं. १२४०३००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

३. बोलपत्र खरिद गर्दा लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको राजश्व शाखामा तिरी सो को सक्कल रसीद वा नेपाल बैंक लि. मा रहेको यस पाँचखाल नगरपालिकाको खाता नं.१२४०३०००००१००१००००००१ मा दाखिला गरी सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नुपर्नेछ।

४. ३० औं दिन (मिति २०७८/०४/१३) सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३० औं दिन (मिति २०७८/०४/१४) को १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। बोलपत्र सोही दिन दिनको १:०० बजे खोलिनेछ।

५. ठेक्का सम्झौता गर्दा नै सम्पूर्ण रकम अग्रीम भुक्तानी गरेमा कबोल अंकको ५% ले हुन आउने रकम छुट हुनेछ।

६. यस सूचनामा नपरेका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र पाँचखाल नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ र प्रचलित कानून बमोजिम हुनेछ।